सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक १० ♦ २०८२ साल भदौ १३ गते शुक्रवार ♦ 29 Aug 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## लागुऔषधको 'ट्रान्जिट प्वाइन्ट' बन्दै महोत्तरी



**अजयकुमार साह**

**भदौ १२ गते, बर्दिवास**

सीमावर्ती भारतसँग जोडिएको महोत्तरी पछिल्लो वर्षहरुमा लागुऔषधको 'ट्रान्जिट प्वाइन्ट' बनिरहेको छ । महोत्तरीमा भारतीय सीमाक्षेत्रबाट लागुऔषध भित्रिने गरेको छ । महोत्तरीको लागुऔषधको 'ट्राजिट प्वाइन्ट'कै रुपमा विकसित भइरहेको हुँदा सर्वत्र चिन्ता र चासो बढिरहेको छ । प्रहरीले जिल्लाका विभिन्न स्थानबाट बरामद गरेको परम्परागत र आधुनिक लागु औषधजन्य बस्तुबाट पनि जिल्लामा लागुऔषध सेवनकर्ता तथा कारोबारीको अवस्था हेर्दा भयावह स्थिति देखिएको छ ।

अहिले लागुऔषध चरेस, गाजा, खैरो हिरोइन, अफिम, फेनागन, नाइट्रोभेट, रैक्सोजैसिकसहित सयौँ व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता शैलेन्द्रकुमार भट्टका अनुसार तीन वर्षको अवधिमा विभिन्न प्रकृतिको लागुऔषधको १८६ मुद्दामा चार भारतीय नागरिकसहित २५२ जना पक्राउ परेका छन् ।

प्रवक्ता भट्टका अनुसार आर्थिक वर्ष ०७९/०८० मा १०४, ०८०/०८१ मा ७१ र ०८१/०८२ मा ७७ जना पक्राउ परेका छन् भने चालु आव ०८२/०८३ को साउन महिनासम्ममा एक महिला र पाँच पुरुष पक्राउ गरेर कार बाही प्रक्रिया अघि बढाइएको छ ।

महोत्तरी प्रहरीले पछिल्लो तीन वर्षको अवधीमा क्रमशः गाजा ३० क्विन्टल ६७८ किलो १६४ ग्राम, खैरो हिरोइन तीन सय सात ग्राम, कोकिन चार ग्राम, नाइट्रोभेट ट्याबलेट २० हजार ४३३ थान, विभिन्न किसिमको झोल भएको दुई हजार ५१७ एम्पुलसहित विभिन्न किसिम अन्य लागुऔषध बरामद गरेको छ ।

यसैगरी, यस अवधिमा लागुऔषधमा प्रयोग गरिएको ५३ वाटा मोटरसाइकल, ८ ट्रक, दुई पिकअप भ्यान, स्कुटी एक, एम्बुलेन्स दुई, स्कारपिओ दुई, कार चार, अटोरिक्सा दुई थान बराममद गरिएको महोत्तरी प्रहरीले जनाएको छ ।

बर्दीबासस्थित लागुऔषध नियन्त्रण ब्युरो प्रमुख सरोज अधिकारीले पछिल्लो पटक लागुऔषध विरुद्धको अभियानलाई तीव्र पारेको बताउनुभयो । उहाँले यस ब्युरोको सक्रियतामा मात्रै यसबिच ४६ लाख ४३ हजार मूल्य बराबरको ५४९.८५ ग्राम खैरो हिरोइनसहित दुई थान आकस्मिक सेवाका एम्बुलेन्स, चार थान मोटरसाइक र ओसार पसारमा संलग्न ३९ जनालाई नियन्त्रणमा लिएको छ ।

*बाँकी पृष्ठ २ मा*

## सरकारले तत्कालै उखु किसानको माग सम्बोधन गर्नुपर्छ : महामन्त्री थापा

**खबर दर्पण समाचारदाता**

**भदौ १२ गते, बर्दिवास**



सरकारले केही रकम थप गरेर भएपनि उखु किसानको माग तत्कालै सम्बोधन गर्नुपर्ने बताएका छन्। बिहीबार दिउँसो महोत्तरीको बर्दिबासमा पत्रकार सँग संक्षिप्त कुराकानी गर्दै महामन्त्री थापाले सरकारले यसलाई प्रतिष्ठाको विषय नबनाए उखु किसानको माग तत्कालै सम्बोधन हुने आन्दोलन समेत रोकिने धारणा राखेका छन्।

उनले भने, 'कृषि मन्त्रालयले किसानलाई अनुदान बापतको ७० रुपैयाँ उपलब्ध गराउन पहल गरिरहेको छ। चालू आर्थिक वर्षमा समेत अनुदानका लागि २ अर्ब रुपैयाँ बजेट छुट्याइएको थियो। अब यसमा केही बजेट थप गरे पक्कै पनि उखु किसानको समस्या समाधान हुन सकिनेछ।' उखु किसानको माग स्थायी रूपमै समाधान गर्नका लागि सरकारले तत्कालै छलफलमार्फत दीर्घकालीन समाधान खोज्न थापाले आग्रह गरेका छन्।

महामन्त्री थापाले भने, 'उखुको मूल्य तोक्न ढिलाइ गर्ने, भुक्तानीमा समस्या हुने, अनुदान नपाउने लगायत उखु किसानसँग जोडिएको समस्या दीर्घकालीन रूपमा समाधान गर्न उपाय खोज्नु पर्छ।' अर्को प्रसंगमा महामन्त्री थापाले एमाले र कांग्रेस मिलेर बनेको सरकार मा अप्ठ्यारा रहे तापनि सरकार भने तत्काल परिवर्तन नहुने बताएका छन्।

NANDANI MULTIPLE INT'L COLLEGE
Affiliated to Rajarshi Janak University

ADMISSION
OPEN FOR 2025/2082



Programs Offered:
BCA-40 Students
BBA-40 Students



Scholarships available for up to 8 students.
Entrance Form Open
Apply Now
044-590545,9854031330
9708083865
Bardibas-1, Mahottari

शिरीष अफसेट प्रेस
बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी


✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प



✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# लागुऔषधको............

नियन्त्रणमा लिएकामध्ये दुई जनामहिला र दुई जना विदेशी रहेको ब्युरो प्रमुख अधिकारीले जनाउनुभयो ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी प्रमुख एसपी हेरम्ब शर्माले लागुऔषध विरुद्धमा एकातिर मुद्दा अर्कातिर सचेतना कार्यक्रम सञ्चालन गरेको बताउनुभयो । एसपी शर्माका अनुसार विद्यार्थीदेखि समुदायमा लागुऔषध निर्मूल गर्नका लागि सचेतना कार्यक्रम सञ्चालन गरिएको छ । एसपी शर्माले प्रहरीको एकल प्रयासबाट लागुऔषध पूर्ण निर्मूल नहुने बताउँदै यसका लागि सिङ्गो समाज नै जागरुक हुनुपर्नेमा जोड दिनुभयो ।

बर्दिवास-३ स्थित जाँडरक्सी, लागुऔषध, मादक पदार्थ, मानसिक रोग उपचार तथा पुनःस्थापना केन्द्रका सञ्चालक रुद्र मग्रातीले लागुऔषध निर्मुल पार्नका लागि अभिभावकदेखि सरकारले सचेतनामूलकदेखि कार्बाहीका कार्यक्रम प्रभावकारी बनाउनुपर्ने बताउनुहुन्छ । लामो समयदेखि लागुऔषध मात्रै होइन धूमपान मद्यपान निषेधका क्षेत्रमा कार्यरत मग्रातीले एकसाथ सबै पक्षबाट लागुऔषध नियन्त्रणका कार्यक्रममा सहभागितादेखि कानुनी कारबाही गर्नुपर्ने बताउनुभयो ।

“लागुऔषध मुक्त समाज निर्माणका लागि अब आम अभिभावकलाई नै सचेतना गराउनुपर्छ”, मग्रातीले भन्नुभयो, “कुलत लागु औषध नियन्त्रणका लागि पाठ्यक्रम नै बनाएर बालबालिकालाई सानै उमेरदेखि सचेत गराउनुपर्छ ।” यस केन्द्रमा हाल ३८ जना दुर्व्यवसनीहरुको उपचार भइरहेको बताउँदै उहाँले लागुऔषधका प्रयोगकर्ता मात्रै नभई तस्कर, व्यवसायीसम्मैको सञ्जाल भत्काएर कानुनी कारबाही गरेर केहीहदसम्म न्यूनीकरण हुने सुझाव दिनुभयो ।

# BVS–Nepal द्वारा आगलागी तथा दुर्घटना सम्बन्धी सचेतनामूलक अभिमुखीकरण कार्यक्रम सम्पन्न

**खबर दर्पण समाचारदाता**

**भदौ १२ गते, बर्दिवास**

BVS–Nepal को आयोजनामा महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका-५ स्थित श्री माध्यमिक विद्यालय, पर्सा पटैलिमा एक दिवसीय आगलागी तथा दुर्घटनासम्बन्धी सचेतनामूलक अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ। कक्षा ९ र १० का विद्यार्थीहरूलाई लक्षित गरी सञ्चालन गरिएको उक्त कार्यक्रममा BVS–Nepal का कर्मचारीहरू अहिल्या शर्मा र रिता साहले सहजीकरण गरेका थिए।

कार्यक्रममा आगलागी तथा दुर्घटनाको बेला अपनाउनुपर्ने सतर्कता, प्राथमिक उपचारका तरिका, ग्यास खरिद गर्दा ध्यान दिनुपर्ने सावधानीजस्ता महत्वपूर्ण विषयहरूमा जानकारी प्रदान गरिएको थियो। सहभागी विद्यार्थीहरूलाई सजिलोसँग बुझाउनका लागि सचेतनामूलक भिडियोसमेत प्रस्तुत गरिएको थियो।

कार्यक्रमको अन्त्यमा विद्यालयका शिक्षक रञ्जय रायलाई प्राथमिक उपचार सामग्री सहितको बक्स हस्तान्तरण गरिएको थियो।

विद्यार्थीहरू तथा शिक्षकहरूले यस्ता व्यावहारिक तथा जानकारीमूलक कार्यक्रमहरू अत्यन्तै प्रभावकारी रहेको प्रतिक्रिया दिएका छन्। उनीहरूले यस्ता कार्यक्रमहरूले विद्यार्थीहरूमा विपद्प्रतिको चेतना, सजगता र आत्मविश्वास वृद्धि गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन्।

साथै कार्यक्रममा सहभागीहरूमाझ द्यख्-ल्भउबा को कार्यक्षेत्र, उद्देश्य तथा समुदायमा यसले पुर्याएको योगदानबारे समेत जानकारी प्रस्तुत गरिएको थियो।

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

लोहारपट्टी नगरपालिका, महोत्तरी

सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

बलवा नगरपालिका, महोत्तरी

सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

रामगोपालपुर नगरपालिका, महोत्तरी

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

औरही नगरपालिका, महोत्तरी

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# नगरसभा खोज्दै मिथिला नगरपालिकामा रास्वपाको धर्ना, एकहप्ते अल्टिमेटम

**खबर दर्पण समाचारदाता**

**भदौ १२ गते, बर्दिवास**



धनुषाको मिथिला नगरपालिकाले चालु आर्थिक वर्षको बजेट सार्वजनिक नगरेको भन्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मिथिला नगर कमिटीले नगरपालिकाको मुख्य गेट अगाडि धर्ना दिएका छन्। पार्टीका नगर सभापति विजय कुमार साहको नेतृत्वमा पार्टीका स्थानीय नेता कार्यकर्ताहरूले बिहीबार नगर पालिकाको मुख्य गेट अगाडि आधा घण्टा धर्ना दिएका हुन्।

नगरसभा खोज्दै रास्वपा मिथिला नगर कमिटीले गत साउन १२ गते मिथिला नगरपालिकाका प्रमुख महेन्द्र महतो र उपप्रमुख सुनिता सिंह बुढाथोकीलाई संयुक्त रूपमा ज्ञापनपत्र बुझाएको थियो। त्यसको कुनै सुनुवाइ नभएपछि ज्ञापनपत्र बुझाएको ठ्याक्कै एक महिना लागेपछि उनीहरू धर्ना दिएका छन्।

धर्नामा बसेका रास्वपाका स्थानीय नेता कार्यकर्ताहरूले 'नगरपालिकालाई बन्दी बनाउन पाइँदैन', 'झगडा गरेर बस्ने प्रमुख-उपप्रमुख हामीलाई चाहँदैन', 'मेयर साहब ! चालू आर्थिक वर्षको बजेट खै ?', 'जनता जान्न चाहन्छन् ! गत आवमा २२ करोड किन फ्रिज भयो ?', 'सबै राजनीतिक विचार को सम्मान होस्' जस्ता नार इहरू लेखिएका प्लेकार्ड बोकेका थिए।

नगर सभापति विजय कुमार साहले यो शान्तिपूर्ण धर्नालाई सामान्य रूपमा नलिन स्थानीय सरकारका प्रमुख र उपप्रमुखलाई सचेत गराएका छन्। उनले अबको एक साताभित्र पनि नगर सभा नभए सशक्त आन्दोलनमा उत्रिने चेतावनी दिए। 'आज हामीले शान्तिपूर्ण रूपमा धर्ना दिएका छौं। अबको एक साताभित्र पनि नगरसभा नभए तालाबन्दी गरेर सशक्त आन्दोलनमा उत्रिन्छौं,' नगर सभापति साहले भने। धर्नामा सहभागीहरूले नगरपालिकाले बजेट नल्याएर नगरवासीलाई विकासका काममा अन्यौल सिर्जना गरेको भन्दै स्थानीय सर कारका नेतृत्वको चर्को विरोध गरेका थिए।

# पूर्व मधेस प्रदेश प्रमुख अहिराजलाई थुनामा पठाउने ओदेश उच्च अदालतद्वारा सदर



**खबर दर्पण समाचारदाता**

**भदौ १२ गते, बर्दिवास**

मधेशका पूर्व प्रदेश प्रमुख राजेश अहिराजलाई थुनामा पठाउने जिल्लाको आदेश उच्च अदालतद्वारा सदर

मधेश प्रदेशका पूर्व प्रदेश प्रमुख राजेश अहिराज (राजेश झा) लाई थुनामा राख्ने जिल्ला अदालतको आदेशलाई उच्च अदालत पाटनले सदर गरेको छ। उच्च अदालत पाटनका मुख्य न्यायाधीश लालबहादुर कुँवर र न्यायाधीश खडानन्द तिवारीको संयुक्त इजलासले काठमाडौं जिल्ला अदालतको निर्णय सदर गरेको हो।

यसअघि काठमाडौं जिल्ला अदालतका न्यायाधीश पिताम्बर शर्माको इजलासले साउन १४ गते अहिराजलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश जारी गरेको थियो। सोही आदेशअनुसार उनलाई डिल्लीबजार कारागार चलान गरिएको थियो।

अहिराजले जिल्ला अदालतको आदेशविरुद्ध उच्च अदालतमा पुनरावलोकन माग गर्दै निवेदन दिएका थिए। तर, उच्च अदालतले जिल्ला अदालतको निर्णयलाई नै टेकेर थुनामा पठाउने आदेश सदर गरेको हो।

अहिराजविरुद्ध बलात्कार आरोपमा मुद्दा दर्ता गरिएको छ। पीडित महिलाले २०८१ जेठ ४ गते काठमाडौंको नयाँबानेश्वरस्थित आफ्नै डेरामा अहिराजले बलात्कार गरेको भन्दै प्रहरीमा उजुरी दिएकी थिइन्। सो उजुरीका आधारमा उनलाई साउन ४ गते पक्राउ गरिएको थियो। पक्राउ परेको ९ दिनमै प्रहरी अनुसन्धान प्रतिवेदनसहित सरकारी वकिल कार्यालयले काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो।

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

बर्दिवास नगरपालिका, महोत्तरी

नेपाल सरकार

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोश्रो पटक प्रकाशित मिति :२०८२।०५।१३**

यस कम्पनीको मिति २०८२।०४।२५ मा सम्पन्न सञ्चालक समितिको निर्णय बमोजिम तथा कम्पनी रजिष्टारको कार्यालयबाट समेत स्वीकृति प्राप्त भई साविक कम्पनी एन.एम.पि. कन्स्ट्रक्सन प्रा.लि.न.१८५९९३ को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिनबाट व्यहोनु पर्ने ऋण, धन, कर दायित्व आदि परिवर्तन नामको सम्पन्न इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा.लि. अग्रजिमा Sampanna Engineering Construction Pvt.Ltd. ले सकानु व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

मटिहानी नगरपालिका, महोत्तरी

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

गौशाला नगरपालिका, महोत्तरी

डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

पीपरा गाउँपालिका, महोत्तरी

युवा सशक्तिकरण गरौं

- नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- राज्यका हरेक अंङ्गमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- कर्तव्य प्रति सचेत युवाजनशक्ति निर्माण गर्न,
- समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन।

सम्सी गाउँपालिका, महोत्तरी

# मधेश प्रदेशसभाको बैठक स्थगित

**खबर दर्पण समाचारदाता**
**भदौ १२ गते, बर्दिवास**

प्रमुख प्रतिपक्षी दलको बिरोधका कारण मधेश प्रदेशसभाको बिहीवारको बैठक सुरु भएको केही समयपछि स्थगित भएको छ ।

बिहीवार दिउँसो बैठक सुरु हुनासाथ प्रतिपक्षी दलका सांसदहरुले बिरोध जनाएको थियो । त्यसपछि सभामुख र ामचन्द्र मण्डलले जनता समाजबादी पार्टी नेपालका प्रदेशसभा सदस्य राम अशिष यादवलाई बोल्न समय दिएको थियो ।

प्रदेशसभा सदस्य यादवले प्रदेश सरकारले संसद्लाई छलेर प्रतिपक्षको अनुपस्थितिमा बजेट ल्याएको हुनाले अर्थमन्त्री सुनिलप्रसाद साहको राजीनामा माग गरे । उनले प्रतिपक्षी दलका प्रदेशसभा सदस्यको उपस्थिति बिना बजेट ल्याइनु गलत भएको उल्लेख गर्दै अर्थमन्त्रीको र ाजीनामा नआएसम्म आफूहरुले प्रदेशसभा अवरुद्ध गर्ने बताए । "सरकारले मधेश प्रदेशसभामा प्रस्तुत गरेको रेडबुक ४६१ पृष्ठको मात्रै थियो । तर, प्रतिपक्षको अवरुद्धपछि गठन भएको कार्यदलले संसदलाई छलेर ३०५ पृष्ठको बजेट ल्याएको भेटियो, प्रतिपक्षको अनुपस्थितिमा बजेट पारित भएको छ", उनले भने ।

त्यसपछि सभामुख मण्डलले प्रदेशसभाको अर्को बैठक यही भदौ १४ गते शुक्रबार दिउँसो १ बजे बस्ने घोषणा गरे ।

बैठक जनता समाजवादी पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), नेपाल सङ्घीय समाजवादी र राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रदेशसभा सदस्यहरुले बैठक अवरुद्ध गरेको हो ।

# दसैँपछि महाधिवेशनको मिति टुङ्गो लाग्छ : महामन्त्री थापा

**खबर दर्पण समाचारदाता**
**भदौ १२ गते, बर्दिवास**

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले दसैँपछि बस्ने केन्द्रीय कार्यसमिति बैठकले १५ औँ महाधिवेशनको मिति टुङ्गो लगाउने बताएका छन् ।

सर्लाहीमा आयोजना हुने पार्टीको कार्यक्रममा सहभागी हुन बिहीबार जनकपुरधाम आएका महामन्त्री थापाले जनकपुरधाम विमानस्थलमा सञ्चार कर्मीहरूसँग संक्षिप्त कुरा गर्दै पार्टीको विधान अनुसार ०८३ मंसिरभित्रै १५ औं महाधिवेशन हुने दाबी गरे ।

उनले मुलुकलाई लोकतन्त्र, सुशासन र विकासको मार्गमा अघि बढाउन पार्टीले दृढ भूमिका निर्वाह गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे । पार्टीलाई अझ सुदृढ बनाउन संगठन विस्तारमा जोड दिइने र जनताको समस्यालाई प्राथमिकताका साथ समाधान गर्न पहल गरिने उनको भनाइ थियो ।

महामन्त्री थापाले पार्टीभित्र देखिएका आन्तरिक चुनौतीलाई सहमति र संवादमार्फत समाधान गर्दै अघि बढ्ने स्पष्ट पारे । 'कसले के भन्यो भन्नेभन्दा पनि विधानअनुसार अघि बढ्नै पर्छ,' उनले भने ।




उनले वर्तमान सरकार दुईभन्दा बढी दलको सहमतिमा बनेको हुँदा सहयात्री सबै दललाई समेटेर अघि बढ्न जरुरी रहेको जिकिर गरे । उनले तत्काल सरकार परिवर्तन नहुनेसमेत प्रस्ट पारे ।

आफू अहिले चौधौँ महाधिवेशनले दिएको जिम्मेवारी पूरा गर्ने भूमिकामा रहेको जिकिर गर्दै महामन्त्री थापाले पन्ध्रौँ महाधिवेशनमा नेतृत्वका लागि दाबी गर्ने या नगर्ने भन्नेतिर अहिले नै विचार नगरेको बताए । उनले नयाँ क्रियाशील सदस्यता वितरण र पार्टी विधान संशोधनको कामसमेत आगामी महाधिवेशनअन्तर्गत नै हुने उल्लेख गरे ।

## यादवले पाए राष्ट्रिय मुक्ति पार्टीमा जिल्ला अध्यक्षको जिम्मेवारी

**खबर दर्पण समाचारदाता**
**भदौ १२ गते, बर्दिवास**

राष्ट्रिय मुक्ति पार्टी नेपाल सर्लाहीको अध्यक्षमा गणेशकुमार यादव मनोनित भएका छन् । पार्टीका केन्द्रीय अध्यक्ष राजेन्द्र महतोले आज यादवलाई अध्यक्षमा मनोनित गरेको पत्र प्रदान गरेका हुन् । यादवलाई पार्टी अध्यक्ष महतोले हस्ताक्षर गरी प्रदान गरेको मनोनयन पत्रमा जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्ने विश्वास व्यक्त गरिएको छ । हरिपुर्वा नगरपालिका निवासी यादव केही दिनअघि मात्रै जनता समाजवादी पार्टी नेपाल परित्याग गरेर राष्ट्रिय मुक्ति पार्टी नेपालमा प्रवेश गरेका थिए ।

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:
- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

मनरा सिस्वा नगरपालिका, महोत्तरी

सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं
- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

भंगहा नगरपालिका, महोत्तरी

सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं
- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

एकडारा गाउँपालिका, महोत्तरी

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:
- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

सोनमा गाउँपालिका, महोत्तरी

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:
- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

जलेश्वर नगरपालिका, महोत्तरी

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:
- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

महोत्तरी गाउँपालिका, महोत्तरी

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा  मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,